# सुर्यगढी गाउँपालिका ब्यबसाय दर्ता कार्यविधि, २०७५

सुर्यगढी गाउँपालिका
चोकदे, नुवाकोट
प्रदेश:३ नम्बर

# सुर्यगढी गाउँपालिका ब्यबसाय दर्ता कार्यविधि, २०७५

**१. संक्षिप्त नाम र प्रारम्भः** क. यस कार्यविधिको नाम "सुर्यगढी गाउँपालिका ब्यबसाय दर्ता कार्यविधि" रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ब्यबसाय" भान्नाले सुर्यगढीगाउँपालिकाभित्र संचालन हुने वस्तु तथा सेवा प्रदान गरी नगद आय आर्जन गर्न सक्ने सबै किसिमका पेशा वा कारोबारलाई सम्झीनु पर्दछ ।

ख) "दर्ता" भन्नाले गाउँपालिका क्षेत्रभित्र संचालन भएका पेशा ब्यबसायलाइ गाउँपालिकाले अभिलेखिकरण गरी पेशा संचालन अनुमति दिनेकार्यलाइ बुझ्नु पर्दछ ।

ग) "नविकरण" भन्नाले ब्यबसाय दर्ता गरिसकेपछि हरेक आ.व. को सुरुमा गाउँपालिकाले निश्चित शुल्क लिइ पुनः १ वर्षको लागि दिइने अनुमतिलाइ बुझ्नु पर्दछ ।

घ) "आर्थिक ऐन" भन्नाले चालु आर्थिक वर्षको लागि सुर्यगढी गाउँपालिकाको गाउँसभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ ।

ङ) "गाउँपालिका" भन्नाले सुर्यगढी गाउँपालिकालाई सम्झनु पर्दछ ।

**३. दर्ता नगरी ब्यबसाय गर्न नहुनेः** गाउँपालिका क्षेत्रभित्र कुनैपनि ब्यबसाय दर्ता नगरी संचालन गर्न पाइनेछैन ।

**४. ब्यबसाय दर्ताः** क) ब्यबसाय दर्ताको लागि गाउँपालिकाले आफ्नो वडाभित्र रहेका ब्यबसायीहरुलाई व्यवसायको वर्गिकरण गरी दर्ता गर्नेछ र अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) ब्यबसायको बर्गिकरण गाउँपालिकाको आर्थिक ऐनले तोकेबमोजिम हुनेछ ।

ग) ब्यवासाय दर्ताको लागि तपशिल बमोजिमको कागजपत्र आवश्यक पर्नेछ ।

१. अनुसुचि २ बमोजिमको निबेदन ।

२. ब्यवशायिको नेपाली नागरिकताको प्रतिलिपि, बिदेशिको हकमा पासपोर्ट र नेपाल सरकारले ब्यबसाय संचालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि ।

३. २ प्रति फोटो ।

४. मु.अ.कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि ।

घ) सामुहिक ब्यबसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन ।

ङ) ब्यबसाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

**५. ब्यबसाय नविकरण तथा दण्ड जरिवाना** : क) गाउँपालिकाले हरेक आर्थिक वर्षमा दर्ता भएका ब्यबसायलाई नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसुचि ३ बमोजिमको ढाँचामा ब्यवशायिले निवेदन गाउँकार्यपालिकाको कार्यालयमा दिनुपर्नेछ र ब्यबसाय नविकरण आर्थिक वर्षको पहिलो ३ महिना सम्म गाउँकार्यपालिकाबाट नै हुनेछ ।

ग) व्यवशाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीए बमोजिम हुनेछ ।

घ) तोकिएको समय भित्र ब्यबसाय नविकरण नगर्ने ब्यबसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिइ नविकरण गरिनेछ ।

**६. ब्यबसाय बन्द गर्ने:** क) गाउँपालिकाभित्र दर्ता भएको ब्यबसाय बन्द भएमा वा बन्द गर्नु परेमा सम्बन्धित ब्यवसायीले अनुसुचि ४ बमोजिम निवेदन सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपसिलको अुनगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

अ) सम्बन्धित वडाध्यक्ष
संयोजक

आ) सम्बन्धित वडाले तोकेको २ जना वडा सदस्य सदस्य

इ) सम्बन्धित वडाका वडा सचिव सदस्य
सचिव

ग) सामितिबाट सिफारिस प्राप्त भएपछि सम्बन्धित वडाले सिफारिसको आधारमा ब्यबसाय दर्ता खारेज गर्नेछ ।

**७. सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्ने:** क) यस कार्यविधि बमोजिम गाउँपालिका भित्र दर्ता भएका ब्यबसायीहरु नेपाल सरकारले तोकेको अन्य निकायमा समेत दर्ता हुनुपर्नेछ ।

ख) यस कार्यविधि बमोजिम गाउँपालिकामा दर्ता भएका व्यवसाय संघीय कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुने छैन ।

अनुसूची १

# सुर्यगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चोकदे, ३ नं. प्रदेश नेपाल

फोटो

## व्यवसाय दर्ता प्रमाण-पत्र

प्रमाणपत्र संख्या:दर्ता नं. जारी मितिः

१. व्यवसायीको नाम, थर : ५.फर्मको नाम :

२.व्यवसाय संचालन गर्ने स्थान : ६.व्यवसायको किसिम :

३. व्यवसायीको ठेगाना : ७.व्यवसाय संचालन मिति :

स्थायी : ८.स्वामित्व :

अस्थायी : ९.श्रेणी :

४.बाबुको नाम : १०.लगानी पुँजी :

संचालकको दस्तखत फाँटवालाको दस्तखत प्रमाणित गर्नेको दस्तखत

केही महत्वपूर्ण जानकारीहरुः-

१. यो प्रमाण पत्र आफ्नो व्यवसाय/पसलमा सबैले देख्ने गरी राख्नुपर्नेछ ।
२.पत्येक आ.व. का लागि कायम हुने व्यवसाय कर आषाढ मसान्त भित्र बुझाई प्रमाण पत्र नविकरण गर्नुपर्नेछ ।
३.व्यवसाय कर भुक्तानी नगरी बाँकी हुन आएमा नगर परिषदले पारित गरे अनुसार बिलम्ब शुल्क लाग्नेछ ।
४.नविकरण गराई बक्यौदा कायम हुन आएमा तोकिए बमोजिमको जरिवाना रकम भुक्तानी भए पछि मात्र पुनःनविकरण गर्न सकिनेछ ।
५.व्यवसाय कर भुक्तानी गर्न आउँदा यो प्रमाण-पत्र लिई आउनु पर्नेछ ।
६.व्यवसाय बन्द गर्दा वा गा.पा. बाहिर सार्दा लागत कट्टाका लागि गा.पा.मा जानकारी गराउनु पर्नेछ ।
७. व्यवसाय फर्मको नाम किसिम स्थान स्वामित्व आदि परिवर्तन वा संशोधनगर्दा गा.पा.लाई जानकारी दिनुपर्नेछ ।
८.यो प्रमाण-पत्र सुरक्षित साथ राख्नुपर्नेछ । हराए वा नासिएमा रु.५०/ भुक्तानी गरी प्रमाण-पत्रको प्रतिलिपी पुनःप्राप्त गर्न सकिनेछ ।
९.अन्य कुराहरु प्रचलितकानुन तथा ऐन अनुसार हुनेछ ।

# नविकरण विवरण

| नविकरण | | भुक्तानी विवरण रकम रु. | | | | | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधि | राजस्व रकम | छुट | जरिवाना | जम्माभुक्तानी | रसिद नं. | फाँटवाला | अधिकृत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः प्रचलित ऐन नियम र सुर्यगढी गाउँपालिकाबाट समय-समयमा हुने निर्णय तथा निर्देशनका साथै देहायमा उल्लेखित नियमहरुको पालना गर्ने गरी उपरोक्त अनुसारको व्यवसाय/फर्म सुर्यगढी गाउँपालिकाको कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्रप्रदानगरिएको छ।

- यो प्रमाण-पत्रजारी गरिएको मितिले एक आर्थिक वर्षको लागि मान्य रहने र त्यसपछि हरेक वर्ष नविकरण गर्नुपर्नेछ।

# अनुसूची २

सुर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट ।

विषयः व्यवसाय दर्ता गरि पाउँ ।

प्रस्तुत विषयमा मैले/हामीले यस सुर्यगढी गाउँपालिका वडा नं... मा सञ्चालन गर्न चाहेको तपिशल बमोजिमको व्यवसाय दर्ता गरिदिनु हुन निम्नानुसार कागजात संलग्न गरि यो निवेदन पेश गरेको/गरेका छु/छौ ।

**<u>दर्ता गर्न चाहेको व्यवसायको विवरणः-</u>**

१. व्यवसायीको नाम, थरः-
२. ठेगानाः-
   क) स्थायीः-
   ख) अस्थायीः-
३. नागरिकता प्रमाण पत्र नं. जारी मिति र जिल्लाः-
४. बाबुकोनाम
५. बाजे नामः-
६. स्वामित्वः-

| निजी | साझेदारी | सहकारी | कम्पनी | प्रा.लि | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

७. व्यवसायको मुख्य कारोबारः-
८. व्यवसाय शुरु मितिः-
९. व्यवसायको कुल पुँजीः-
१०। व्यवसाय संचालन गर्ने घर२जग्गाको स्वामित्वः

| निजी | भाडामा | अन्य |
|---|---|---|

| | | |
|---|---|---|
| | | |

<u>**संलग्न प्रमाणहरुः—**</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. जग्गाधनि प्रमाण पूर्जा

३. करार नामा (भए पेश गर्ने ।)

**निवेदक**

दस्तखतः

नामः

ठेगानाः

# अनुसूचि ३

सुर्यगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट ।

विषयःव्यवसाय नविकरण गरि पाउँ ।

प्रस्तुत विषयमा यस सुर्यगढी गाउँपालिका अन्तरगत वडा नम्बर ... मा संचालन भएको दर्ता नम्बर ..................... मितिः ........................... को मेरो/हाम्रो नाममा यस गाउँ कार्यपालिकामा दर्ता रहेको .........................................नामको व्यवसाय नविकरण गरि दिनु हुन तपशिल बमोजिमको कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं ।

<u>संलग्न प्रमाणहरुः–</u>

१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. अघिल्लो आ.व.सम्मको लेखा परीक्षण प्रतिवेदन
३. कर चुक्ता प्रमाण

<u>निवेदक</u>

दस्तखतः
नामः
ठेगानाः
मितिः

# अनुसूचि ४

सुर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट ।

विषयः व्यवसाय बन्द गरि पाउँ ।

प्रस्तुत विषयमा यस सुर्यगढी गाउँपालिका अन्तरगत वडा नम्बर ......... मा संचालन भएको दर्ता नम्बर .................... मितिः ........................................... को मेरो/हाम्रो नाममा यस गाउँ कार्यपालिकामा दर्ता रहेको ........................................................................... नामको व्यवसाय बन्द भएकाले सो ब्यवसायको दर्ता खारेज गरिदिनुहुन तपशिल बमोजिमको कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं ।

संलग्न प्रमाणहरुः–

१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

निवेदक

दस्तखतः
नामः
ठेगानाः
मितिः